# राष्ट्रिय महिला आयोगले आ. व. २०६८/०६९ (मिति २०६८ श्रावणदेखि हालसम्म) मा गरेका केही मुख्य कामहरू

देशको चौतर्फी विकासमा महिला र पुरूष दुवैको उल्लेखनीय भूमिका रहेको छ । नेपालको सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक क्षेत्रको रूपान्तरणमा महिलाको योगदान विशिष्ट छ । सदियौंदेखि राज्यको संरचनागत प्रक्रिया तथा समाज दुबैले महिलालाई पछि पारेको हुनाले राज्यका सम्पूर्ण निकायमा महिला सहभागिता न्यून रहेको पाइन्छ । यसैगरी, सेवा, सुविधा तथा स्रोतहरूमा अत्यन्त न्यून पहुँच रहेको र लैङ्गिक विभेदको शिकार वन्नु परेका अवस्थाहरू विद्यमान छन् । यस्ता असमान अवस्थाको अन्त्य गरी समतामूलक समाज निर्माणका लागि जनचेतनामूलक कार्यक्रमहरू संचालन गर्ने र नीति निर्माण तह सम्म सक्रियतासाथ अधिवाचन तथा सिफारिस गर्ने काम महिला आयोगले गर्दै आएको छ । महिला आयोगको संरचना केन्द्रमा मात्र सीमित हुनु र यसको सीमित स्रोत र साधन समग्र महिला अधिकारको संरक्षण तथा सम्वर्द्धनको कार्यहरू संचालन गर्नमा अपर्याप्त हुने गरेका छन् तापनि आफ्नो उद्देश्य प्राप्ति तथा समग्र महिला विकासको सन्दर्भमा यस क्षेत्रमा कार्यरत विभिन्न निकाय, अ/गैसस, नागरिक समाज तथा संचार माध्ययमहरूसंग समेत कार्यगत एकता गर्दै आएको छ, यसैक्रममा आयोगले सम्पादन गरेका र गर्ने क्रममा रहेका कति काममा अन्यनिकायसंग सहकार्य पनि गर्दै आएको छ । राष्ट्रिय महिला आयोगले आ. व. २०६८/०६९ (मिति २०६८ श्रावणदेखि हालसम्म) मा गरेका केही मुख्यकार्यहरू जानकारी गराउने उद्देश्यले तपाई पत्रकार मित्रहरूसंग भेटघाट गरी समाचार सम्प्रेषण गर्न लागिएको विषय स्पष्ट गरिन्छ ।

## १. समानुपातिक महिला सहभागिता

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २० (१) ले महिला भएकै कारणबाट महिला माथि कुनै प्रकारको भेदभाव नगरिने व्यवस्था गरेको छ भने धारा २१ मा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ भन्ने व्यवस्था गरेको छ । यसैगरी नेपाल पक्ष भएको महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ को धारा ७ (ख) ले महिलालाई सरकारी नीतिको तर्जुमा र कार्यान्वयनमा सहभागी हुने, सार्वजनिक पद धारण गर्ने र सरकारका सबै तहहरूमा हुने सार्वजनिक कार्यहरू सम्पादन गर्ने अधिकार प्रदान गरेको छ । यी संवैधानिक एवं अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई मूर्तरूप दिनका लागि मिति २०६३ जेठ १६ गते बसेको व्यवस्थापिका संसदको बैठकले समानुपातिक सहभागिताको लक्ष्यमा पुग्ने कुरालाई ध्यानमा राखी हाललाई कम्तीमा एक तिहाई महिलालाई राज्यका सबै संरचनामा सहभागिताको ग्यारेन्टी गर्ने विषयक संकल्प प्रस्ताव पारित समेत गरेको कुरा सर्वविदितै छ । यसका वावजुद पटक पटक भएका मन्त्रिमण्डलमा महिलाको समानुपातिक तथा सम्मानजनक सहभागिता हुन सकेको छैन । हालै विस्तारित प्रधानमन्त्री डा. बाबुराम भट्टराई नेतृत्वको सरकारमा गठित मन्त्रिमण्डलमा समेत १ जनामात्र महिलामन्त्री नियुक्त गरिएको कार्यप्रति यस आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । अतः आगामी दिनमा हुने मन्त्रिमण्डल बिस्तारमा कम्तीमा एक तिहाई महिलालाई राज्यका सबै संरचनामा सहभागिताको ग्यारेन्टी गर्ने संसदको संकल्प प्रस्ताव एवं सम्पूर्ण राजनीतिक दलको प्रतिवद्धताको कार्यान्वयन हुने दृढ विश्वासका साथ प्रधानमन्त्री समक्ष ध्यानाकर्षणपत्र बुझाइएको छ । ध्यानाकर्षण पत्रमा आयोगका तर्फबाट सदस्य, श्री मोहना अन्सारीले दस्तखत गर्नु भएको छ ।

## २. नागरिकता सम्बन्धी प्रस्तावित प्रावधानहरू र महिलाको समान अधिकार बारे खुल्ला सम्वादको लागि अभियानपत्र

नेपालमा संविधानसभाको निर्वाचन पश्चात् विभिन्न विषयगत समितिहरूमा राष्ट्रिय महिला आयोगले महिलाको विषयमा आगामी बन्ने संविधानमा विषयगत आधारमा सुझावहरू लिखित रूपमा पठाइसकेको कुरा जानकारी गराउन चाहन्छु । सोमा नागरिकता सम्बन्धी प्रावधानको हक महिलालाई महिला भएकै कारणले राष्ट्रियताबाट वंचित गर्न नपाइने विषय समेटिएको छ । तसर्थ समानताको र अविभेदको सिद्धान्तलाई सम्मान गर्न एंव समान र स्वतन्त्र आधारमा नेपाली आमा तथा बाबुको आफ्ना छोराछोरीमा नागरिकता हस्तान्तरण गर्न पाउने अधिकारलाई मान्यता प्रदान गर्ने उद्देश्य एंव महिला विरूद्ध हुने सबैप्रकारका विभेदको उन्मूलन सम्बन्धी समितिले उल्लेख गरे अनुसार "समाजमा पूर्ण सहभागिताका लागि नागरिकता अत्यन्त महत्वपूर्ण हुन्छ" ।

नयाँ संविधानले पूर्ण रूपमा महिला अधिकारको प्रत्याभूति गर्ने तथा समानता स्थापना गर्ने जगको निर्माण गर्नेछ

### ३. विपन्न महिलाको लागि कानूनी सहायतामा नेपाल वार एसोसिएसनको सहयोग

महिला हक हितको संरक्षण र संवर्द्धनका लागि स्थापित राष्ट्रिय महिला आयोग र कानुन व्यवशायीहरूको हक हितको संरक्षण गरी समाज प्रति बढी जिम्मेवारीपूर्ण सेवा प्रदान गर्न निरन्तर रूपमा कार्यरत नेपाल बार एशोसियसन बीच महिला अधिकारबाट बञ्चित र हिंसा पीडित वा असहाय महिलालाई आवश्यक कानूनी सहायता प्रदान गरी न्यायको पहुँचमा पुर्‍याउन सहयोग गर्ने सम्बन्धमा सहकार्यकालागि समभ्रूदारी पत्रमा हस्ताक्षर गरिएको छ । समभ्रूदारी अनुसार आयोगले सिफारिस गरेका महिला अधिकारबाट बञ्चित तथा महिला माथि हुने हिंसाबाट पीडित असहाय महिलालाई नेपाल बार एशोसियसनले देशको पचहत्तरै जिल्लामा आवश्यक कानूनी सहायता प्रदान गर्नेछ । यसबाट आर्थिक रूपले विपन्न एवं असहाय महिला भएकै कारणले अदालती न्यायबाट वञ्चित नहुने व्यवस्था भएको छ । समभ्रूदारीको आवश्यकता अनुसार आपसी सहमतिमा नवीकरण गर्दै जान सकिनेगरी हाललाई तीन बर्षकोलागि सम्झौता भएको छ ।

### ४. महिला अधिकार र सहभागिताको लागि पीस परियोजना

संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को प्रस्ताव नं १३२५ र १८२० को सन्दर्भमा तयार भएको राष्ट्रिय कार्य योजना, महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW), १९७९ तथा मानव वेच विखन विरूद्धको राष्ट्रिय कार्य योजना को कार्यान्ययन स्थितिको अनुगमन गर्न र राज्य पुनर्संरचना तथा नयाँ संविधानमा महिला अधिकार तथा लैङ्गिक समानता सुदृढ, सुरक्षित तथा सुनिश्चित गने अधिवाचन गर्न राष्ट्रिय महिला आयोग र यूएन ओमन (UN Women-Nepal) बीच सहकार्यकोलागि एक परियोजना संचालन गर्ने सम्झौता भएको छ । "Partnership for Equality and Capacity Enhancement (PEACE): Towards Implementation of UNSCRs 1325 & 1820" उल्लेखित परियोजन सरकारी निकाय, महिला ककस, नागरिक समाज र संचार क्षेत्र समेतको साझेदारीमा संचालन हुनेहुदाँ राष्ट्रिय महिला आयोगले त्यसको एक साझेदारको रूपमा सहकार्य गर्ने छ । उक्त परियोजना अन्तर्गत सम्वद्व विषयमा अनुगमन गर्न राष्ट्रिय महिला आयोगका पदाधिकारी तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने, राज्य पुनर्संरचना तथा सम्विधानको विषयमा परामर्श वैठकहरू गर्ने, महिला अधिकारका विविध पक्षमा अधिवाचन गर्ने लगायतका कार्यक्रमहरू समावेस गरिएका छन् । सो कार्यका लागि यूएन ओमनले परियोजना अवधिभर मानवीय तथा प्राविधिक व्यवस्थापनमा समेत सहयोग गर्नेछ । परियोजनाको अन्त्यमा राज्य पुनर्संरचना प्रकृयामा संघीयता र लैङ्गिकता, संघीयता र सकारात्मक विभेद Affirmative Action (कोटा, आरक्षण आदि) र चुनावी प्रणाली सम्बन्धमा अवस्था पत्र (Position Paper) तयार गर्ने कार्यक्रम रहेको छ । परियोजनाको अवधि १० महिनाको हुने छ ।

### ५. कुरीति बारेको अध्ययनमा सोचसंगको सम्झौता

देशमा विद्यमान संस्कृति, रीतिरिवाज र परम्पराहरूको विविधता आफैमा देशको सुन्दर संगठन हो । तथापि तिनीहरूलाई समय सापेक्ष परिमार्जन गरिंदै लान नसक्दा र आफू अनुकूल प्रयोग गरिदा महिला माथिहुने हिंसाका घटनाहरूमा वृद्धि भएका छन् । वोक्सीको आरोपमा हुने हिंसा, दाइजो, छाउपडी आदि यसका ज्वलन्त उदाहरण हुन् । संस्कृति र परम्पराका नाममा महिलामाथि हुने अमानवीय वा रूड व्यवहारको विरूद्धको अभियान (Campaign against inhuman, degrading or harsh treatment to Nepalese women in the name of 'culture' and 'tradition' ) चलाउने सम्बन्धमा सोंच नेपाल (Society for Humanism Nepal "SOCH-Nepal") र राष्ट्रिय महिला आयोगबीच सम्झौता भएको छ । सम्झौता अनुसार देशमा विद्यमान कुरीतिजन्य हिंसाहरूका विरूद्ध देशका विभिन्न भागहरूमा जनचेतनामूलक, अन्तरकृया लगायतका कार्यक्रमहरू संचालन गरिने छन् । अभियान संचालन गर्दा मानव अधिकार, गोपनीयताको अधिकार र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूको परिधिमा रहदै व्यक्तिको आत्मसम्मान तथा सामाजिक मान्यतामा कुनै प्रकारको स्खलन आउन नदिन विशेष सतर्कता अपनाइने छ । तीन चरणमा गरिने उक्त कार्य १६ जिल्लामा शुरूगरिने छ । उल्लेखित समभ्रूदारीपत्रहरूमा आयोगका तर्फबाट आयोगका सचिव डा. बद्री पोखेलले हस्ताक्षर गर्नु भएको छ ।